वालिङ नगरपालिकाको १९ औं नगरपरिषद् आज मिति २०७२।९।२९ गतेका दिन यस वालिङ नगरपालिकाका प्रमुख एंव कार्यकारी अधिकृत श्री सुरथ पोखेल ज्यूको अध्यक्षतामा बसि तपसिल बमोजिमको उपस्थितमा निम्न अनुसारको निर्णय गरियो ।

| क.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १) | प्रमुख एंव कार्यकारी अधिकृत | श्री सुरथ पोखेल | उपस्थित |

**आमन्त्रीत**

| | | |
|---|---|---|
| १) | नेपाली काग्रेस पार्टी प्रतिनिधि,श्री दिलिपप्रताप खांण | उपस्थित |
| २) | ने.क.पा. एमाले पार्टी प्रतिनिधि,श्री शोभाकान्त पौडेल | उपस्थित |
| ३) | ए.ने.क.पा.माओवादी पार्टी प्रतिनिधि,श्री नित्यानन्द तिवारी | उपस्थित |
| ४) | रा.प्र.पा. नेपाल पार्टी प्रतिनिधि,श्री लालचन्द्र गैह्रे | उपस्थित |
| ५) | रा.प्र.पा. पार्टी प्रतिनिधि,श्री रमेश ढुङ्गाना | उपस्थित |
| ६) | राष्ट्रिय जनमोर्चा पार्टी प्रतिनिधि,श्री खुमबहादुर राना | उपस्थित |
| ७) | ने.क.पा. संयुक्त पार्टी प्रतिनिधि,श्री संजय श्रेष्ठ | उपस्थित |
| ८) | ने.क.पा. माक्सवादी पार्टी प्रतिनिधि श्री डोलराज वि.क. | उपस्थित |
| ९) | ने.क.पा. माओवादी पार्टी प्रतिनिधि,श्री धनप्रसाद सुवेदी | उपस्थित |

शाखा प्रमुखहरुः

| | | |
|---|---|---|
| १) | प्राविधिक शाखा प्रमुख ईन्जिनियर श्री रोशन के.सी. | उपस्थित |
| १) | प्रशासन शाखा प्रमुख,श्री पदमप्रसाद पाण्डे | उपस्थित |
| २) | योजना तथा प्राविधिक शाखा प्रमुख,श्री मणिप्रसाद तिवारी | उपस्थित |
| ३) | आर्थिक प्रशासन शाखा प्रमुख,श्री कृष्णप्रसाद डुम्रे | उपस्थित |
| ४) | जिन्सी ईकाई प्रमुख,श्री इश्वरीप्रसाद तिवारी | उपस्थित |

*निर्णय नं. १*

यस वालिङ नगरपालिकाको १९ औं नगरपरिषद्का लागि राजश्व परामर्श र एकिकृत योजना तर्जुमा समितिको बैठकबाट पेश भएका सुझाव सहित आ.व. २०७३/०७४ को नीति तथा कार्यक्रम वोर्ड बैठकबाट सिफारिस भै आए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

*निर्णय नं. २*

यस नगरपालिकाको आ.व. २०७३/०७४ को नीति तथा कार्यक्रम बमोजिम एकिकृत योजना तर्जुमा समितिको बैठकबाट सिफारिस भई पेश भएका आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु.७,०१,३६,४५०।६० (सात करोड एक लाख छत्तिस हजार चार सय पचास रुपैया पैसा साठी को अनुमानित व्यय स्वीकृत गर्ने निर्णय गरियो ( अनुसुचीमा २ संलग्न छ) ।

**निर्णय नं. ३**

राजश्व परामर्श समितिको बैठकबाट सिफारिस सहित पेश हुन आएको आ.व. २०७३/०७४ का रु.७,०१,३६,४५०।६० (सात करोड एक लाख छत्तिस हजार चार सय पचास रुपैया पैसा साठी को अनुमानित आय स्वीकृत गर्ने निर्णय गरियो साथै आन्तरिक राजश्व प्रतिवेदन, राजश्व प्रक्षेपण एंव राजश्व सभाव्यता अध्ययन प्रतिवेदन समेत पारित गरियो । (अनुसुचीमा १ संलग्न छ) ।

**निर्णय नं. ४**

यस वालिङ नगरपालिकाको आ.व.२०७१/०७२ को धरौटी अल्या ६,१८,४१५।०६ धरौटी आम्दानी रु.२४,३५,५३७।८१ गतवर्षको कार्यक्रम मौज्दात न.पा.कोषको रु.२,१०,७७,४२४।३८ बालबालिका पोषण भत्ता निकासा रु.५१६०००।० प्रकोप व्यवस्थापन रु.३,२२,९९४, मर्मत सम्भार रु.४,३६,३९५।० पूजिगत कार्यक्रम रु.५८८२५२३२।० चालु आम्दानी १,६८,६६,२३७।५१ भुकम्प राहत वितरण रु.७८,५३०००।० समेत अल्या सहित कूल जम्मा प्राप्त रु.१०८९५१२३५।७६ भएको र खर्च तर्फ चालु स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम (LGCDP) सहित १,७९,४२,०४६।४१ पूजिगत खर्च रु.६,९३,२०,९७४।८९ मर्मत खर्च ( योजनाहरु) १,२०,५००।० भुकम्प राहत वितरण खर्च ५८,१०००।०, कार्डछपाई २७,१२०।० धरौटफिर्ता रु.४,४५,८५५।८७ गरी जम्मा भुक्तानी ९,३६,६७,४९७।१७ मौज्दात न.पा कोष ८५,०१,३७२।५९ (वालबालीका पोषण भत्ता सहित) प्रकोप व्यवस्थापन खाता ३७,३७,८७४।० भुकम्पको बांकी फिर्ता गर्न पर्ने रकम सहित) योजना मर्मत सम्भार खाता ४,३६,३९५।० धरौटी खाता २६,०८,०९७।० गरी मौज्दात जम्मा रु.१,५२,८३,७३८।५९ रहेको आय व्यय यथार्थ विवरण अनुमोदन गर्ने निर्णय गरियो अनुसूची संलग्न छ ।

**निर्णय नं ५**

मालुङगा ४, स्याङजा निवासी लेखापरीक्षक प्रमाण पत्र नं. १५१३ वर्ग ख सस्थागत दर्ता नं. ३१८१ पल्ली एण्ड एसोसियट्स हर्ष बहादुर पल्लीले यस वालिङ नगरपालिकाको आ.व. २०७१/०७२ को लेखापरिक्षण कार्य सम्पन्न गरि पेश गर्नु भएको प्रतिवेदन उपर यस नगरपारिषद्मा पेश भई छलफल हुदा, लेखापरिक्षण प्रतिवेदनमा लेखिएका पुराना पेश्की बेरुजु नियमानुसार फछ्र्यौट गराउन आवश्यक कारवाहीका लागी नगरपालिका वोडैलाई अधिकार प्रत्यायोजन गर्दै यस लेखापरिक्षण प्रतवेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस वालिङ नगरपालिका आ.व. २०७२/०७३ को अन्तिम लेखापरिक्षण गर्न लेखापरीक्षकको छनौट तथा सहमतिमा पारीश्रमिक तोक्न समेतका लागि नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस वालिङ नगरपालिकाको वोर्ड बैठकबाट आ.व. २०७२/०७३ को संशोधित अनुमानीत बजेट रु.७,७४,६५,२१६।६९ रहेको संशोधनका लागी वोर्ड बैठकबाट पेश हुदा पेश भए बमोजिमको संशोधित बजेट (आय–व्यय) अनुमोदन सहित पारित गरियो

**निर्णय नं. ८**

यस वालिङ नगरपालिकाको पदपूर्ति समितिको विभिन्न मितिमा भएका बैठकको निर्णय बमोजिम नियमानुसार प्रकृया अगाडी बढाई अधिकृत स्तर छैठौतह इन्जिनियर पदमा श्री रोशन के.सी. लाई नियूक्ति गर्न पदपूर्ति समितिको सिफारिस सहितको प्रतिवेदन, न.पा वोर्डको निर्णयबाट उत्त, रिक्त रहेको अधिकृतस्तर छैठौ तह इन्जिनियर पदमा श्री रोशन के.सी. लाई १ वर्ष परिक्षण काल रहने गरि स्थायी नियूक्ति गरेकोमा अनुमोदन गर्दै उल्लेखित अन्य सुझावहरुलाई कार्यान्वयन गर्दै लैजान नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय ९**

नगरपालिका वोर्ड, प्रमुख तथा कार्यकारी अधिकृत, जाचपास तथा फरफारक अनुगमन समिति विभिन्न विषयगत उप समिति, समितिले विभिन्न मितिमा गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

मिति २०७१।९।२१ गतेको १८ औं नगरपरिषद्को निर्णय १० को बुदान घ सम्म रहने गरि यस वालिङ नगरपालिकाको अनुसूची ३ मा संलग्न संगठन तालिका र दरबन्दी तेरिजलाई सोही अनुसार रहने गरी सोलाई अनुमोदन गर्दै नगरपालिकाको श्रोत र साधनलाई मध्यनजर गर्दै पदपूर्ति समितिका सुझाव तथा सुधार कार्यका लागि नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस नगरपरिषद्बाट स्वीकृत भएका दरबन्दीमा आवश्यक पर्ने पदको पदपूर्ति तथा बढुवाको लागि नगरपालिकाको स्रोत र साधनलाई ध्यानमा राखी कार्य गर्न वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरिरियो ।

**निर्णय नं. १२**

एकीकृत सम्पत्तिकरका सम्बन्धमा राजश्व परामर्श समितिबाट पेश भएको प्रतिवेदन वोर्डद्धारा पेश हुदा सो सम्बन्धमा पेश भए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

कुनै पनि कार्यक्रम संचालनका लागि यस नगरपालिकालाई आवश्यक परेका खण्डमा ऋण लिने र कुनै कार्यक्रममा शेयर लगानी गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

वडामा संचालन हुने प्रवद्धनात्मक कार्यक्रम तथा योजनाहरु सम्पन्न भए पछि योजना अनुगमन, जाचपास तथा फरफारकको सम्बन्धमा वडा नागरीक मञ्च,का संयोजकत्वमा ५ सदस्य समिति गठन गरि कार्य गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस नगरपालिकाका लागि नगरपालिकाले करार सेवामा नियुक्ति गरेका कार्यालय सहयोगी विद्युत मिस्त्री, कुचिकारको करार सेवा अवधि एक वर्ष थप गरेकोमा सो अनुमोदन गरियो । साथै करार सेवा थप गर्ने अधिकार नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

यस नगरपालिकाको सञ्चालनमा स्थानीय स्वायत्त शासन ऐन, नियम, प्रचलित ऐन नियम, कार्यविधि समेतमा नबाफ्भीने गरि ऐन नियम र कार्यविधिले दिएको क्षेत्रभित्र रहि हाल सम्म बनाईएका विनियमावलीहरु अनुमोदन गर्दै नयां विनियमावलि बनाउन तथा बनेका विनियमावली संशोधन गर्न परेको खण्डमा आगामी परिषद्बाट अनुमोदन हुने गरी बनाउन नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

यस नगरपालिकाको पूराना पेश्की वेरुजु फछ्र्यौट तथा असूली सम्बन्धमा छलफल हुदा पूराना पेश्की वेरुजु नियमानुसार फछ्र्यौट गरी शुन्य गराउने नीति लिन आवश्यक कारवाहीका लागि नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

यस वालिङ नगरपालिकाको हाल भईरहेको लेखा प्रणालीलाई प्रोदभावी लेखा प्रणाली. ( Accural Account system) मा राख्ने । लेखा प्रतिवेदन, आम्दानी खर्च (Income And Expenditure) र वासलात (Balance sheet) को आधारमा राख्ने सो लेखा

संचालनका लागि software कार्यक्रम संचालन गर्न श्री संघिय मामीला तथा स्थानीय विकास मन्त्रालयमा माग गर्ने साथै आ.व. २०७१/०७२ को यस नगरपालिकाले तयार गरेको Balance Sheet मा रहेको जग्गा, भवन, फर्निचर, मेशिनरी औजार, सवारी साधन, पेश्की वेरुजु, सार्वजनीक, सम्पत्ति (योजनाहरु) मौज्दान, सहित कूल ५३,२५,९८,६४७।३१ (५३ करोड २५ लाख ९८ हजार ६ साय ४७ रुपैया पैसा ५३ को लेखापरीक्षकबाट पेश भएको Balance सहितको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

यस नगरपीलिका वोडैबाट पेश भएका निम्न विनियमावलीहरु पेश भए बमोजिम पारित गरियो । साथै निर्णय भएका मिति देखि कार्यान्वयन गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । (१) वालिङ नगरपालिकाको सवारी साधन परिचालन सम्बन्धी विनियमावली २०७२ । (२) भवन तथा योजना मापदण्ड २०६० संशोधन विनियमावली २०७२ ।

**निर्णय नं. २०**

आ.व. २०७३/०७४ का लागि स्वीकृत गरिएको अनुमानीत बजेटबाट संचालन गरिने कार्यक्रम तथा आयोजनाहरुको सम्बन्धमा आवश्यकता अनुसार उपलब्ध हुन नसक्ने स्रोत साधनलाई मध्यनजर गर्दै केही संशोधन तथा फेर बदल गर्नु परेमा फेरबदल तथा संशोधन गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

दैवि प्रकोप व्यवस्थानपन (आगलागी) का लागि दमकलको आवश्यकता भएकोले एक दमकलको माग पटक पटक गरिएको उपलब्ध हुन नसकेको हुदा पून दमकल माग गर्न श्री संघिय मामीला तथा स्थानीय विकास मन्त्रालय तथा अन्य स्थानीय निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

पर्यटकीय स्थलको रुपमा रहेको गह्रौसुर, वाहुनथान, थामको चौर, सेरुङ्गा थामडाडा, करमभज्याङ, घ्वाङखोलालाई भ्यूप्वाईन्ट निर्माण गरि पर्यटकीय स्थलको रुपमा विकास गर्न सम्बन्धित निकायमा योजना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

वालिङ नगरपालिकाको समन्वयमा यस नगरपालिका क्षेत्र भित्र निम्न लिखित पूर्वाधार यूक्त योजनाहरु स्थापित गर्न सम्बन्धित निकायमा योजना माग गर्न जिल्ला तथा केन्द्रमा पहुच स्थापित गरि आ-आफ्ना क्षेत्रबाट पहल गर्ने र वालिङलाई व्यवस्थित शहरको रुपमा स्थापित गर्न आवश्यक व्यवस्थाको लागि नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो

१) शसस्त्र प्रहरी तालिम वेस क्याम्पलाई जग्गा प्राप्त गरी सो को लागी स्थायी संरचना निर्माण गर्ने ।

२) खेलमैदानको जग्गा प्राप्ती र रङशाला निर्माण गर्ने ।

३) पूर्वाधारयुक्त अस्पतालको निर्माण गर्ने ।

४) ईलाका प्रशासन, मालपोत र नापी कार्यालयका स्थायी संरचना भवन निर्माण सम्पन्न गर्ने
५) व्यवस्थित बसपार्क सहित त्यसका लागी पूर्वाधार यूक्त योजना सम्पन्न गर्ने ।
६) गह्रौकालिका केबुलकार निर्माणका लागी पहल यसैसंग आसपासमा र सम्भावित पर्यटन क्षेत्रको विकास योजना वनाउने ।
७) सरसफाई (फोहर मैला) व्यवस्थापनका लागी दिर्घकालीन स्थानको विकास गर्ने ।
८) विभिन्न उद्यान/पार्क / पुस्तकालय निर्माण गर्ने ।
९) व्यवस्थित शहर निर्माणका लागी शहरी क्षेत्र बाहिर ग्रामणि क्षेत्रलाई समेत समेटेर रिङरोड निर्माण गर्ने ।
१०) पशुवध शाला निर्माण र कृषि उपज बजार व्यवस्थापन केन्द्र Cold Store सहित निर्माण गर्ने ।
११) वालिङलाई उच्च तथा प्राविधिक शिक्षा केन्द्रको रुपमा विकास गर्ने ।
१२) डिभिजन सडक कार्यालय पूनस्थापना, आन्तरीक राजश्व कार्यालय, यातायात व्यवस्था कार्यालय, मत्स्य विकास कार्यालय, वागवानी विकास केन्द्र आदी जस्ता कार्यालयहरुको स्थापनामा जोड दिने ।
१३) वालिङलाई Free wifi zone स्थापित गरी अधिकतम information यूक्त समाजको विकास गर्ने ।
१४) सिद्धार्थ राजमार्गलाई Four Lane को रुपमा सडक विस्तार गर्न सम्बन्धित निकायमा पहल गर्ने ।

**निर्णय नं. २४**

यस वालिङ नगरपालिका स्थित स्याङजा जिल्लाको पहिलो क्याम्पस वालिङ बहुमुखी क्याम्पसलाई आङ्गीक क्याम्पसको रुपमा स्वीकृत गर्न त्रि.वि.तथा सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

वालिङ बहुमुखी क्याम्पसमा प्राविधिक शिक्षा विषय संचालन गर्न पूर्वाधार विकास तथा निर्माण गर्न (भवन निर्माण, फर्निचर, पूस्ताकालय) सम्बन्धित निकाय, सांसद विकास कोष, जिल्ला विकास समितिमा योजना माग तथा रकम माग गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

वालिङ खेलमैदानलाई रङ्गशालाको रुपमा निर्माण गर्न श्री संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय मार्फत युवा तथा खेलकुद मन्त्रालय र अन्य सरोकारवाला, दातृनिकाय, सम्बन्धित निकायमा मागको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

वालिङ नगरपालिकाको सरसफाई केन्द्र संचालित श्री पूर्णामृत उच्च माध्यामिक विद्यालय को वालिङ ८ मजुवा स्थित करिब ३३ रोपनी जग्गा नगरपालिकाले लिजमा लिने निर्णय गरी त्यस स्थानमा सरसफाई केन्द्र तोकी दिदि बहिनी एवं समाज उत्थान संस्था संग भएको सम्झौता

बमोजिम गरिएको कार्यलाई अनुमोदन गरी सरसफाई एंव वातावरण सरक्षणका लागि गरिने अन्य कार्य अगाडी बढाउन नगरपालिका वोर्डलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. २८**

वालिङ नगरपालिकाको व्यवस्थित वसपार्क निर्माणका लागि वालिङ नगरपालिका वार्ड नं. ३ र ५ मिर्दि बजार खरिवोट मुनीको २०-१०-३-२ को जग्गामा वसपार्क निर्माणका लागी १४ करोडको लागत अनुमानको आयोजना शहरी विकास मन्त्रालय , संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय समेतमा प्रस्ताव गरिएकोमा आ.व. २०७३/०७४ मा वसपार्क निर्माण गर्न सम्बन्धीत निकायमा वसपार्क निर्माण आयोजना माग गर्ने निर्णय गरियो साथै आवश्यक अन्य कार्यहरु गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

वालिङ नगरपालिकाको फोहर व्यवस्थापन लाई नमूनाको रुपमा बनाउन नगरपालिकाले अगाडी बढाएको प्रकृयालाई अनुमोदन गर्दै वालिङ क्षेत्र पूर्ण सरसफाई युक्त नगर घोषित गर्नु पर्ने अन्य कार्यहरु एंव योजनाहरु प्रस्ताव गरी सम्बन्धित निकाय जस्तै संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, सरसफाई तथा फोहरमैला व्यवस्थापन स्रोत केन्द्र NGO/INGO मा लेखि पठाउन र कार्य अगाडी बढाउन नगरपालिका वोर्डलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं.** ३०

वालिङ नगरपालिका वडा नं. २ मा रहेको सडक कार्यालयको जग्गा र वालिङ नगरपालिका वडा नं. १ मा रहेको नेपाल खाद्य, कृषि सामाग्री संस्थानको जग्गा यस नगरपालिकाको नाउमा स्वामित्व हस्तान्त्रण गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ३१

वालिङ नगरपालिका भित्र व्यवस्थित पशुवधशाला निर्माण गर्नका लागि जग्गा पहिचान गरी व्यवस्थित पशुवधशाला निर्माणका लागि कृषि मन्त्रालय र अन्य सम्बन्धित निकायमा जिल्ला पशु विकास कार्यालय मार्फत माग गर्ने र व्यवस्थित वधशाला निर्माण नहुदा सम्म वालिङ मासु व्यवसायी संघ वालिङ र पशुकेन्द्र वालिङसंग समन्वय गरि पशुवधशाला व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ३२

यस नगरपालिका भित्र विभिन्न बजारहरुलाई केन्द्रबनाएर साप्ताहिक रुपमा हाटबजार साझेदारी कार्यक्रम गर्न आवश्यक व्यवस्था मिलाउन नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ३३

व्यवस्थित शहरी विकासका लागि स्थानीय जनताहरुको मागको आधारमा एकिकृत जग्गा विकास कार्यक्रमका लागी शहरी विकास तथा भवन निर्माण विभागमा अनुरोध गर्नुका साथै

नीजिस्तरबाट समेत जग्गा विकास कार्यक्रम संचालन गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ३४

वालिङ नगरपालिकाले निर्माण गरेका कालोपत्रे सडक, ग्राभेल र कच्ची सडकहरुको नामाकरण गरि उक्त सडकहरुमा पर्ने जग्गाको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयसंग समन्वय गरी कार्यान्वयन गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ३५

वालिङ नगरपालिकाद्धारा निर्माण गरिएका तपसिल बमोजिमका सडकहरुलाई जिल्ला स्तरीय कृषि सडक वा केन्द्रिय स्तरीय ग्रामिण कृषि सडकमा समावेश गरी केन्द्रीय स्तर तथा जिल्ला स्तर अनुदानबाट स्तरबृद्धि गराउन जिल्ला विकास समिति तथा केन्द्रमा जि.वि.स. माफर्त माग गर्ने निर्णय गरियो ।

क) भुम्रे दाङसे कालिकाकोट हुदै पर्वत जोडने सडक ।

ख) वालिङ ९ अर्चलेवोट (डुडखोला) हुदै थुमपोखरा सिमान सम्मको सडक (पर्वत जोडने सडक)

ग) आमडाली रसखोला हुदै केवरे चापाकोट जोड्ने सडक ।

घ) त्रियासी दभुहुदै बानेथोक देउराली मनकामना सडक ।

ङ) सुर्केदी लखने कागती भज्याङ देउराली दाङसे, कालीकाकोट सडक ।

च) मिर्दि करमभज्याङ हुदै जगतभज्याङ आरुपाटा जोड्ने सडक ।

छ) सिमल चैपारी सिरुवारे माझकोट मनकामना हुदै विरुवा जोड्ने सडक ।

ज) भकुण्डे घ्वाङखोला हुदै काफलडाडा चापाकोट जोड्ने सडक ।

**निर्णय नं.** ३६

यस वालिङ नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा भवन निर्माण, लैङ्गीक मैत्री शौचालय, खानेपानी समेत निर्माण गर्न जिल्ला शिक्षा कार्यालय स्याङजा, जि.वि.स. र सम्बन्धित निकायहरुमा योजना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ३७

यस वालिङ नगरपालिकाद्धारा निर्माण गरिएका तपसिल बमोजिमका सडकहरुमा मोटरेवलपूल निर्माणका लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

क) आमडाली रसखोला केवरे सडक खण्ड अर्न्तगत आमडाली ।

ख) वालिङ ९ थुमपोखरा जोड्ने सडक अर्न्तगत वायखोला ।

ग) वालिङ ५ एक्लेपिपल धनुबासे भरुवा जोडने सडक अर्न्तगत मिर्दिखोलामा ।

घ) वालिङ ८ बगुवा र वालिङ ११ अमले जोडने आधीखोलामा ।

**निर्णय नं.** ३८

यस नगरपालिका क्षेत्रभित्र सबै वडाहरुलाई समेट्ने गरि चक्रपथ (Ring Road) निर्माण गर्नका लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९**

स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १३९ मा व्यवस्था भए बमोजिम आयोजनाको जाचपास सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । हाल सम्म गरेकालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ४०

वडा भेला तथा वडा नागरिक मञ्चको सिफारिसमा समावेश नभएका तर प्रत्यक्षरुपमा सकरात्मक प्रभाव पार्ने खालका योजनाहरु माग भएमा त्यस्ता खालका योजनाहरु छनौट गरी संचालन गर्न तथा सम्बन्धित निकायमा योजना माग गर्न समेत नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ४१

यस वालिङ नगरपालिका कार्यालयका कर्मचारीहरुमा उत्प्रेरणा (हौसला) उच्च मनोवल कायम गर्दे कार्यदक्षता बृद्धि गराउने उद्देश्यले विगत नगरपरिषद्बाट प्रोत्साहन स्वरुप र थप काम गरेवापत उपलब्ध गराईएको खाजा भत्ता तथा प्रोत्साहन भत्ता साविकमा उपलब्ध गराए बमोजिम नै यथावत उपलब्ध गराउनुको साथै ईन्जिनियर लाई प्रोत्साहन स्वरुप मासिक रु. ४५००।० (चार हजार पांच सय) रुपैया उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.** ४२

यस नगरपालिका र श्री संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय विच भएको कार्य सम्पादन सम्झौता (अनूसुची १२) उल्लेखित विषयहरु कार्यान्वयन गर्न १८ औं नगरपरिषद्बाट बजेटको समेत व्यवस्था गरि कार्यान्वयनको चरणमा रहेकोमा उक्त सम्झौतामा उल्लेखीत बांकी बुदाहरु आ.व. २०७३/०७४ मा कार्यान्वयन गर्न निरन्तरता दिनुको साथै थप कार्य गर्न आवश्यक व्यवस्थाका लागि न.पा.वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ४३

कार्यालयहरुलाई जनमैत्री कार्यालय गर्ने अभियानमा यस कार्यालयलाई छिट्टै जनमैत्री कार्यालय घोषणा गर्न आवश्यक पूर्वाधार एंव व्यवस्था गर्दै जाने र सो को लागि आवश्यक निर्णय गर्नु पर्दा नगरपालिका वोर्डलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं.** ४४

वालिङ नगरपालिका क्षेत्रभित्र उद्यान निर्माण स्थलहरुको पहिचान गरि जिल्ला वन कार्यालय स्याङजा र अन्य सरोकार निकायहरुसंग समन्वय र सहकार्यमा एक नगर, अनेक उद्यान अभियानलाई सफल बनाउन कार्यक्रम अगाडी बढाउने निर्णय गरियो । साथै उल्लेखित कार्य गर्न आवश्यक प्रकिया पूरा गर्न वोर्डलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं.** ४५

एस एण्ड एस डेभलप्मेन्ड कन्सल्टेन्सी प्राईभेट लिमिटेड (S and S Development Consultancy Privatte) द्वारा तयार गरीएको यस नगरपालिकाको आ.व. २०७१/०७२ को सामाजीक परीक्षणको अन्तिम प्रतिवेदन यस नगरपरिषद्मा पेश भई छलफल हुदा सामाजीक परिक्षण प्रतिवेदन स्वीकृत गरि उक्त प्रतिवेदनमा उल्लेख भएका सुझावहरुलाई कार्यन्वयन गर्न न.पा. वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४६**

यस वालिङ नगरपालिका क्षेत्र भएर बग्ने आधिखोला, अर्मादीखोला, च्यादीखोला, वायखोला, मिर्दिखोला, पचादीखाला, गेदीखोला, मदीखोला समेतका खोलाहरुले जग्गा कटान गरि धेरै क्षती पुऱ्याएको हुदा उक्त खोलाहरु नियन्त्रण गरी जग्गा संरक्षण गर्न तटबन्धन को लागि सिंचाई मन्त्रालय/ जिल्ला भू-संरक्षण कार्यालय /जलउत्पन्न प्रकोप नियन्त्रण विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४७**

यस नगरपालिका कार्यालयको धारैटी खातामा जम्मा भएको धरौटी नियमानुसार सदरस्याहा गर्नु पर्ने भए गरि दिने र सदरस्याहा गरी सकेपछि पनि प्रमाण सहित माग गर्न आएमा प्रमाण उपयुक्त देखिएमा नगरपालिकाले फिर्ता दिन सक्ने निर्णय गरियो ।

**निर्णय नं. ४८**

सार्वजनीक निजी साझेदारीको सर्न्दभमा थप साझेदारीको क्षेत्र पहिचान गरि सार्वजनीक नीजी साझेदारीका कार्यक्रम आगडी बढाउन नगरपालिका वोर्डलाई आधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४९**

यस नगरपालिकाबाट निर्माण गरिएको सार्वजनीक शौचालय, नगरपालिकाको मातहतमा रहेको वालिङ गेष्टहाउस, फोहरमैला  व्यवस्थापन, वसपार्क, उद्यान पार्क, लगायतका आय मुलक तथा सेवा मुलक कार्यक्रम PPP को आवधारणा अनुसार गर्न न.पा. वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५०**

सडक विभागको स्वामित्व र यस वालिङ नगरपालिकाले उपभोग गरी आएको वालिङ नगरपालिका वडा नं. २ स्थित गेष्टहाउसलाई नगरपालिकाको नाउमा स्वामित्व हस्तान्तरणका लागी सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५१**

यस नगरपालिकाको वर्षिक प्रगति समिक्षा, चौमासिक रुपमा गरीएका सार्वजनीक सुनुवाई कार्यक्रमहरुका प्रतिवेदनहरुको विषयमा छलफल हुदा प्रतिवेदनहरु अनुमोदन गरि प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्दै जान नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५२**

जिल्ला शिक्षा कार्यालय स्याङजासंग समन्वय गरेर यस नगरपालिका स्थित सामुदायीक विद्यालयहरुको शिक्षामा गुणस्तरका साथै राम्रो काम गर्ने विद्यालयहरुलाई कार्यविधि बनाई पुरस्कृत गर्न एक नगरस्तरीय शिक्षा समिति गठन गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५३**

अन्य नगरपालिकाहरुमा लागु भए जस्तै गरी यस नगरपालिकामा पनि EmergingTown Project अर्न्तगत आयोजना तथा कार्यक्रम संचालन गर्नका लागि श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५४**

यस वालिङ नगरपालिकाको लिलाम गर्न पर्ने सवारी साधन तथा अन्य सामाग्री, फर्निचर लिलाम प्रकृयाद्धारा विक्री गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५५**

वोर्ड बैठक, विषयगत बैठक भत्ताको सम्बन्धमा छलफल हुदा १८ औं नगरपरिषद्को निर्णय नं. ५७ बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५६**

यस नगरपालिका वडा नं. १ स्थित गह्रौ घ्याङलिङ प्राथमिक स्वास्थ्य केन्द्र वालिङलाई अस्पताल बनाउन आवश्यक पर्ने १५ रोपनी जग्गा वालिङ ८ कालीमाटीमा जग्गादाताहरुले निशुल्क उपलब्ध गराउनु भएको छ । जग्गादाताहरुलाई धन्यवाद दिदै यस प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तर उन्नति गरि कम्तिमा २५ सैयाको वालिङ अस्पतालको माग गर्ने निर्णय गरियो । साथै जग्गादाताहरु क्रमश श्री एक नारायाण अर्याल, शीव कुमारी अर्याल, हरिप्रसाद अर्याल,चन्द्रकला क्षेत्री अर्याल, डोलकुमारी अर्याल, दीर्घ नारायाण अर्याल, दयानाथ अर्याल, जीवा कुमारी अर्याल र रुवा कुमारी अर्याल (संयुक्त), मीना कुमारी काफले, लीलाधर काफले र डोल कुमारी काफ्ले सबैमा धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं. ५७**

यस वालिङ नगरपालिका वडा नं. ५ मा निर्माणधिन अवस्थाको शहरी स्वास्थ्य क्लिनिकको भवनको निर्माण कार्य सम्पन्न गराउन सम्बन्धित निकायमा अनुदान रकम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५८**

वालिङ नगरपालिकाको पहिचानको रुपमा रहेको धार्मिक तथा पर्यटकीय क्षेत्र गह्रौसुरको समुचित विकासका लागि सम्बन्धित निकायमा योजना तथा कार्यक्रम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५९**

यस नगरपालिका स्थित नगरपालिका बाट संचालन भएका योजनाहरुको उत्कृष्ट काम गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने कार्य विधि बनाउन वोर्डलाई अधिकार दिदै पुरस्कृत

कार्यलाई निरन्तरता दिने  निर्णय गरियो ।

**निर्णय नं. ६०**

यस नगरपालिकामा व्यवसाय कर र एकिकृत सम्पत्तिकर बढी तिर्ने करदातालाई छुट्टा छुट्टै सम्मान गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ६१**

यस वालिङ नगरपालिकाको आन्तरीक श्रोत तर्फ एकीकृत सम्पत्तिकर प्राप्त हुने राजश्व रकम सम्बन्धित वडाका भौतिक पूर्वाधार निर्माणमा ६० प्रतिशतका दरले  खर्च गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ६२**

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम वडा स्तरीय प्रवद्धनात्मक कार्यक्रम ( वडास्तरीय कार्यक्रम) (अनुसूची ४)  हरुलाई आ.व. २०७३/०७४ मा संचालन गर्न एकीकृत योजना तर्जुमा समितिको सिफारिस तथा नगरपालिका वोर्डबाट पेश भए बमोजिमका योजना तथा कार्यक्रम र बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६३**

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम नगरपालिकाबाट समपुरक कोष शिर्षकमा रु.६५ लाख रकम विनियोजन गर्ने सम्बन्धमा एकिकृत योजना तर्जुमा समिति र नगरपालिका वोर्डबाट पेश भई सो सम्बन्धमा छलफल हुदां पेश भए बमोजिमको रकम नगरपालिकाबाट संचालन गरिने अन्य आयोजनाको लागि आवश्यक पर्ने समपुरककोष वापतको रकम रु. ६५ लाख विनियोजन गरि पारित गरियो ।

**निर्णय नं. ६४**

स्थानीय निकाय श्रोत परीचालन तथा व्यवस्थापन कार्यविधि २०६९को बुदा १० बमोजिम यस नगरपालिकामा आ.व. २०७३/०७४ मा प्राप्त हुने निःर्शत अनुदान तथा राजश्व वाडफाड सहितको बजेटमा समुरक कोष छुट्याई बांकी रहेको बजेटबाट कूल बजेटबाट महिला  १० प्रतिशत, बालबालिका १० प्रतिशत र सबै जातजाती, पिछडिएको वर्ग तथा समुदायलाई प्रत्यक्ष फाईदा पुग्ने वर्गलाई १५ प्रतिशत समेतको बजेट बाट कार्याविधि अनुसार लक्षित तर्फ महिलामा कुल विनियोजित मध्ये पूर्वाधार मा ६० प्रतिशत, सामाजिक/क्षमता विकासमा २० प्रतिशत, आर्थिक/सिप विकासमा १० प्रतिशत र संस्थागत विकासमा १० प्रतिशत त्यसै गरि बालबालिकामा पूर्वाधार विकासमा ७० प्रतिशत, सामाजिक /क्षमता विकासमा २० प्रतिशत, आर्थिक/सिप विकासमा १० प्रतिशत, र सबै जातजाती पिछडावर्ग दलित जेष्ठनागरीक तर्फ पूर्वाधार विकासमा ७० प्रतिशत, सामाजिक/क्षमता विकासमा १० प्रतिशत आर्थिक सिप विकासमा १० प्रतिशत, संस्थगत विकासमा १० प्रतिशत अनुसारको लक्षीत कार्यक्रममा बजेट विनियोजन गरि स्वीकृतका लागि एकीकृत योजना तर्जुमा समितिको सिफारिस र नगरपालिका वोर्डबाट पेश भए बमोजिमका योजना तथा कार्यक्रम एंव बजेट

पारित गर्ने निर्णय गरियो । (अनुसूची ६ संलग्नछ)

**निर्णय नं. ६५**

नगरविकास कोष TDF नयां वानेश्वर काठमाण्डौंको प्राप्त पत्रमा भौतिक पूर्वाधार विकास निर्माणका लागि अनुदान । ऋण प्राप्त हुने व्यहोरा उल्लेख भए बमोजिम निम्न योजनाहरु क्रमागत रुपमा निर्माण गर्न एकिकृत योजना तर्जुमा समितिको सिफारिस तथा नगरपालिका बोर्डबाट पेश हुदा, निम्न योजनाहरु क्रमागत रुपमा निर्माण गर्न योजना स्वीकृत गरि नगरविकास कोष TDF मा अनुरोध गर्ने निर्णय गरियो ।

क) वालिङ नगरपालिका वडा नं. १ स्थित श्री भुम्रे मा.वि. भवन निर्माण योजना ।

**निर्णय नं. ६६**

नगरपालिकाको अनुदान र उपभोक्ताहरुको लागत सहभागितामा संचालन हुने कुनै पनि योजनाहरुको उठ्न पर्ने वा जुट्नपर्ने लागत सहभागिता नबुझाउने उपभोक्तालाई सम्बन्धित उपभोक्ता समितिबाट सेवा सुविधा रोक्का गर्न र नगरपालिकामा सिफारिस भई आएमा सोही उपभोक्ता समितिबाट फुकुवा नआउदा सम्म नगरपालिकाबाट उपभोक्ताको सेवा सुविधा रोक्का राख्ने निर्णय गरियो ।

**निर्णय नं. ६७**

सबै वडाको वडा नागरीक मञ्च र वडा भेलाबाट सिफारिस भएका एकीकृत योजना तर्जुमा समिति तथा नगरपालिका वोर्डबाट पेश भएका आयोजनाहरु यस नगरपालिकाको आय श्रोतलाई मध्यजनर राखी नगरपालिकाको श्रोतबाट कार्यान्वयन गर्न सक्ने नगरपालिका बाट र स्रोतले नभ्याउने आयोजनाहरु सम्बन्धित निकायमा पेश गर्न (माग गर्न) नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६८**

कार्यालय कम्पाउण्ड भित्र अझै व्यवस्थित गराउन र कार्यालयलाई जनमैत्री बनाउन कार्यालयको पश्चिम तर्फ कार्यालय भवन र आपको रुख विचमा रहने गरी कम्पाउण्डवाल नजिक मञ्च निर्माण गरी सामान्य सार्वजनीक कार्यक्रमहरु यही कार्यालय हाता भित्र गर्न मिल्ने गरी व्यवस्था मिलाउने साथै हाल मालपोत कार्यालय र नापी कार्यालय वालिङको नाउमा रहेको उक्त कार्यालयहरुको भवन निर्माण स्थलतर्फको दिशामा चमेनागृह, व्यापारिक भवन निर्माण गरि आन्तरीक श्रोतमा बृद्धि गराउन भवन निर्माण गर्न न.पा. वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

***निर्णय नं.* ६९**

सामुदायीक रुपमा सञ्चालन भएको यस वालिङ बहुमुखी क्याम्पसको आफ्नो जग्गा भुईतलामा सटर राखी व्यवसायीक प्रयोजन गर्ने र माथिल्लो तला शैक्षिक प्रयोगमा ल्याउने गरि २ तलाको लागत रु. २ करोड मा १२ कोठे भवन निर्माण गर्न ईलाका स्तर हुदै जि.वि.स.को कार्यालय स्याङजामा योजना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७०**

वालिङ नगरपालिकाको भवन तथा योजना मापदण्ड २०६० लाई तपसिलका बुदाहरु संशोधन गरी वोर्डद्धारा सिफारीस गरिएको संशोशित मापदण्ड यस परिषद्द्धारा पारित गरी जारी गरिएको छ ।

१) वालिङ नगरपालिकाको भवन तथा योजना मापदण्ड २०६० मा उल्लेखित प्रावधानहरु मिति २०७२।६।१३ गतेबाट नेपाल सरकारद्धारा जारी बस्ती विकास शहरी योजना तथा भवन निर्माण आधारभुत मापदण्ड २०७२ लाई पछि तत्काल बस्ने नगरपरिषद्बाट अनुमोदन वा पारित गर्ने गरी यस नगरपालिकाको मिति २०७२।७।१२ गतेको वोर्ड बैठकको निर्णय बमोजिम लागु गरी घरनक्शा पास फुकाउने निर्णय भै लागु समेत भैसकेकोले नेपाल सरकारद्धारा जारी मापदण्ड बाध्यकारी भएको हुदा सोसंग बाझिएको हदसम्म अमान्य हुने र द्धिविधा भएको खण्डमा नेपाल सरकारद्धारा जारी आधारभूत मापदण्डको प्रावधानको आधारमा प्रष्ट हुने/ साथै भवन निर्माण सर्न्दभमा नेपालसरकार शहरी विकास मन्त्रालयद्धारा जारी भवन निर्माणको नमूना मापदण्ड २०७१ लाई समेत आधार लिई गर्ने ।

२) यस नगरपालिका क्षेत्र भित्र भवन निर्माणका लागी कम्तिमा ०-२-२-० क्षेत्रफल भएको घडेरीको जग्गा हुनु पर्ने । तर भवन तथा योजना मापदण्ड २०६० लागु हुनु अगाडी कित्ताकाट भैसकेका सो भन्दा कम क्षेत्रफल भएका जग्गामा र यस नगरपालिकाले मिति २०७२।७।१२ गते देखि लागु गर्ने गरी बस्ती विकास शहरी योजना तथा भवन निर्माण आधारभुत मापदण्ड २०७२ लाई स्वीकार गर्ने निर्णय भैसकेपछि त्यसको प्रावधान बमोजिम बाटोको लगतकट्टा गर्दा ०-२-२-० क्षेत्रफलको जग्गाबाट जति जग्गाबाटोमा लगत कट्टा हुन्छ सो कटाई बांकी रहन आउने जग्गाको क्षेत्रफल लालपूर्जा/ जग्गाधनी प्रमाण पूर्जामा जनाई ०-२-२-० भन्दा कम क्षेत्रफल भएको घडेरी जग्गामा उल्लेखित मापदण्ड भित्र रहेर नक्शापास गर्न सकिने/अदालतबाट अंशबन्डा वा अन्य मुद्धाको निर्णय भै ०-२-२-० भन्दा कमको क्षेत्रफलको जग्गा कित्ताकाट भई आएमा सो जग्गाको हकमा समेत यही प्रावधान लागु हुने ।

३) यस नगरपालिकामा मिति २०७२।७।१२ गते देखि लागु भएको बस्ती विकास शहरी योजना तथा भवन निर्माण आधारभुत मापदण्ड २०७२ का आधारमा सोहि मिति पछाडी कित्ताकाट गर्दा प्रचलित बाटोको प्रावधानको आधारमा लगतकट्टा गरी भवन निर्माणका लागी कम्तिमा ०-२-२-० जग्गा क्षेत्रफल हुने गरी मात्र कित्ताकाट गर्ने अर्थात मिति २०७२।७।१२ पछाडी पनि बाटो सहित ०-२-२-० क्षेत्रफलको जग्गा कायम गरी आएको खण्डमा त्यसको  जवाफदेखी स्वयं जग्गावाल हुने जग्गा को क्षेत्रफल ०-२-२-० कायम गरे पछि जग्गाको चौडाई (जग्गाको मोहडा) २२ फीट भन्ने प्रावधान आवश्यक नहुने ।

४) बस्ती विकास शहरी योजना तथा भवन निर्माण आधारभुत मापदण्ड २०७२ ले व्यवस्था गरेको प्राविधिक समितिले नगरपालिकाको भवन तथा योजना मापदण्ड २०६०

बमोजिम भएका प्रावधानलाई आधारभुत मापदण्ड २०७२ संग समाहित गर्न र सो नया मापदण्डले खोजेको सिफारिसका आधारमा निर्माण हुने सडकबाटो आवश्यकता अनुसार सो समितिको सिफारिसको आधारमा वोर्ड बैठकले निर्णय गरे बमोजिम हुने गरी यस परिषद्बाट वोर्डलाई अधिकार प्रत्यायोजन गरिन्छ ।

५) बस्ती विकास शहरी योजना तथा भवन निर्माण आधारभुत मापदण्ड २०७२ ले व्यवस्था गरे बमोजिम नक्सा पास नभएका निवेदन दिईएका वा अन्य जुनसुकै भवनहरु यस मापदण्ड बमोजिम कायम हुन चाहेकाहरुलाई एक वर्षको समय म्याद दिन सकिने व्यवस्था बमोजिम यही मिति २०७२।१०।१ गते देखी लागु हुने गरी त्यस्ता घरहरुलाई प्रक्रियामा आउन आब्हान गर्ने र र त्यसरी पनि प्रक्रायामा नआउनेहरुलाई नियमानुसार कारवाही प्रक्रिया अगाडी बढाउन सकिने ।

**निर्णय नं. ७१**

स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम नगरपालिकामा प्राप्त हुने निर्शत अनुदान राजश्व वाडफांड आन्तरीक श्रोत समेतबाट भौतिक पूर्वाधार तर्फ ६० प्रतिशतले हुन आउने बजेट तथा उपभोक्ताहरुको लागत सहभागीता समेतबाट अनुसची ३ मा उल्लेखित योजनाहरु सञ्चालन गर्न एकीकृत योजना तर्जुमा समितिको सिफारिस र नगरपालिका वोर्डबाट पेश भए बमोजिम आ.व. २०७३/०७४ का लागी रु.२५ लाखको बजेट तथा पूर्वाधार योजना स्वीकृत गर्ने निर्णय गरियो । (अनुसूची ३ संलग्न छ)

**निर्णय नं. ७२**

सडकवोर्ड नेपालबाट प्राप्त हुने अनुमानित अनुदान र उपभोक्ताको लागत सहभागीताबाट अनुसूची ३ मा लेखिएका योजनाहरु आ.व. २०७३/०७४ मा संचालन गर्न एकीकृत योजना तर्जुमा समितिको सिफारिस र न.पा. वोर्डबाट पेश भए बमोजिम रु. ४० लाखको बजेट तथा पूर्वाधार योजना स्वीकृत गर्ने निर्णय गरियो । (अनुसूची ३ मा संलग्न छ )

**निर्णय नं. ७३**

जगेडाकोष अनुदान र लागत सहभागीता समेतबाट अनुसूची ३ मा लेखिएका योजनाहरु आ.व. २०७३/०७४ मा संचालन गर्न एकीकृत योजना तर्जुमा समितिको सिफारिस र न.पा. वोर्डबाट पेश भए बमोजिम रु. ३ करोडको बजेट तथा पूर्वाधार योजना स्वीकृत गर्ने निर्णय गरियो अनुसूची ३ संलग्न छ ।)

**निर्णय नं. ७४**

वालिङ ८ स्थित मजुवामा रहेको वालिङ नगरपालिकाको सरसफाई केन्द्र वरपर र सधियारहरु समेतलाई सहयोग पुग्ने गरि आधीखोला र अमार्दी खोलामा तटबन्धन गर्न योजना माग गर्ने साथै सरसफाई केन्द्रमा फलफूलका थप विरुवाहरु रोप्न र कार्यक्रम प्राप्त गर्न तथा अन्य व्यवस्थाका लागी नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७५**

आन्तरीक राजश्व अर्न्तगत एकीकृत सम्पत्तीकरको उठने रकम मध्येबाट ६० प्रतिशत सम्बन्धित वडाको पूर्वाधार विकास निर्माण खर्च गर्ने गरि विगतको परिषद्बाट नीतिगत निर्णय भए अनुसार आ.व. २०७२/०७३ मा संचालन गर्न एकीकृत योजना तर्जुमा समितिको सिफारिस तथा वोर्डबाट पेश भए बमोजिमका योजना कार्यक्रम संचालन गर्न अनुसूची ५ अनुसारको बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७६**

राजश्व परामर्श समितिको बैठकबाट पेश भएको आ.व. २०७३/०७४ को लागी राजश्वका दररेट सहितको प्रतिवेदनलाई पारित गरियो ।

**निर्णय नं. ७७**

कालिमाटी (मिर्दी) करमभज्याङ पित्लेक आरुपाटा कृषि पर्यटन सडक निर्माण तथा विस्तार गर्न सम्बन्धीत निकायमा योजना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७८**

त्रियासी, भर्लाखोला, खहरे  धौखोला सडक सुधार विस्तार गर्न सम्बन्धीत निकायमा योजना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७९**

वाहुनथान, घ्वाङखोला, वालिङ २ हुदै गैह्रौसुर पर्यटकिय सडक सुधार विस्तार गर्न सम्बन्धित निकायमा योजना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८०**

वालिङ ५ र वडा नं. ८ को सिमाना हुदै वैडाथाम पर्यटकिय स्थल सम्म जाने सिडी वाटो निर्माण गर्न सम्बन्धीत निकायमा योजना तथा रकम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८१**

यस नगरपालिकाबाट निर्माण गरिएका योजनाहरुको निर्माण सम्पन्न पश्यात मर्मत संभार गर्नका लागी नगरपालिकामा एक मर्मत संभार कोष खाता स्थापना भएकोमा यस खातामा जम्मा गर्ने गरि मर्मत संभारकोषका लागी निर्माण हुने योजनाहरुबाट ३ (तीन) प्रतिशतका दरले मर्मत संभार कोष वापतको रकम कट्टा गरी जम्मा गर्दै जाने र सो मर्मत संभार खाता संचालन गर्ने कार्यलाई निरन्तरता दिदै जाने र स्वीकृत मर्मत संभार खाता संचालन कार्यविधि संशोधन गर्नु पर्ने भए सो गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८२**

यस नगरपालिका स्थित सार्वजनीक जग्गा तथा सार्वजनीक स्थलमा निर्माण गरिएका संचालनसंग सम्बन्धित टावर तथा अन्य निर्माण जन्य वस्तुहरुको हकमा सार्वजनीक जग्गा तथा सार्वजनीक स्थल प्रयोग गरे वापत कानूनी परामर्श गरी लाग्ने भाडा दस्तुर तोकि भाडा दस्तुर लिन नगरपालिका वोर्डलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. ८३**

वालिङ नगरपालिका भित्र र यस क्षेत्र अर्न्तरगत रहेका भिन्न क्षमता भएका शुस्त मनस्थिति तथा द्वन्दपिडित वालबालिकाहरुको क्षमता विकासका लागी आवसिय भवन निर्माण गर्न सम्बन्धित निकायमा भवन निर्माण योजना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८४**

वालिङ नगरपालिका वडा नं. ११ सिम्ले स्थित श्री शिव मन्दिर तथा समाज भवन निर्माण गर्न जि.वि.स. तथा सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८५**

मालपोत कार्यालय  र नापी कार्यालयको कार्यालय भवन निर्माण गर्न वालिङ नगरपालिका वडा नं. ३ कटौजेमा निःशुल्क जग्गा उपलब्ध गराउनु हुने जग्गा दाताहरु वालिङ नगरपालिका वडा नं. ३ बस्ने स्व. गुरुप्रासद तिवारी, श्री पिताम्वर तिवारी र श्री डोलराज तिवारीलाई धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं. ८६**

यस वालिङ नगरपालिकाको स्वामित्वमा रहेको जीर्ण काममा नआउने कवाडी अवस्थाका सवारी साधन ट्रक, थान १, र मोटरसाईकल थान २ नियमानुसार लिलाम गरि लिलामबाट राजश्व समेत प्राप्त भएकोमा नियमानुसार गरिएको लिलामलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८७**

यस नगरपालिकाको नगर यातायात गुरु योजना तयार गरी पेश गर्न नगरपालिका र श्री स्टकचरल डिजाईन एण्ड रिसर्च सेन्टर कन्सलटेन्सी प्रा.लि. विच सम्झौता भई प्रारभिक प्रतिवेदन समेत रहेको र अन्तिम प्रतिवेदन तयारी अवस्थामा रहेकोले अगामी नगरपरिषद्बाट अनुमोदन गराउने गरि यस नगरयातायात गुरु योजनालाई स्वीकृत गरि कार्यान्वयन गर्न, योजना सम्बन्धित निकायमा माग गर्न समेतका लागी नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८८**

यस नगरपालिकामा तिर्नु पर्ने कर, दस्तर र सेवा शुल्क सबै भन्दा वढि तिर्ने करदातालाई नगरपालिकाले सम्मान गर्ने निर्णय गरिन्छ ।

***निर्णय नं. ८९***

नगरपालिकामा आ.व. २०७३/०७४ को लागी अनुमान गरिएको पूजिगत खर्चको शिर्षकगत विवरण सम्बन्धीत निकायबाट निकासा लिन पेश गर्नका लागी स्वीकृत गर्ने निर्णय गरियो, ( अनुसूची १ संलग्न छ ।

***निर्णय नं. ९०***

वालिङ नगरपालिकाको सिमित स्रोत साधनका वावाजुद यस कार्यक्रममा समावेश भएका योजना वाहेक वडा-वडा बाट सिफारिस भै आएका प्राथमिकतामा परेका योजनाहरुलाई इलाका स्तरीय योजना तर्जुमा मार्फत जि.वि.स. स्याङजा एंव विषयगत कार्यालयहरुमा योजना छनौट

एंव संचालनको लागी माग गर्ने निर्णय गरियो । साथै ति योजनाहरु क्रमश सिफारिस गर्दै जान नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गरियो ।